# सम्पादकीय

आमसञ्चार क्षेत्रका मिडियाकर्मी, अनुसन्धानकर्ता र अभियानकर्ताको लेखनको साझा चौतारी बनाउने ध्येयले सुरु गरिएको वार्षिक जर्नल *मिडिया अध्ययन*को तेस्रो अङ्क यहाँहरूको हातमा छ । लगातार तीन वर्ष पाठकसमक्ष आउन पाउँदा हामी खुशी छौँ र हामी समस्त लेखक र पाठकप्रति आभार प्रकट गर्दछौँ ।

मात्रात्मक हिसाबले निकै फैलिएको नेपाली मिडियाको गुणात्मक सुधारका लागि यसका गतिविधि र अन्तर्वस्तुमाथि समीक्षा आवश्यक हुन्छ । राज्यका अरू अङ्गको निगरानी गर्ने जिम्मा लिएको मिडिया जगत स्वयं स्वच्छ, जिम्मेवार र मर्यादित हुनै पर्छ । अन्यथा अन्य अङ्गमाथि यसले गर्ने खबरदारी पनि कमजोर हुन्छ । मिडिया आफ्नो कर्तव्यमा अडिग छ कि छैन भनेर केलाउने र यसलाई सुमार्गतिर डोऱ्याउन निरन्तर खबरदारी गर्ने काम प्राज्ञिक जगतको पनि हो । मिडियामाथि हुने प्राज्ञिक अनुसन्धान र बहसले यसको गुणस्तर उकास्न मद्दत पुऱ्याउँछन् । त्यस्ता अभ्यासका लागि मार्टिन चौतारीले सन्दर्भ स्रोत, सन्दर्भ ग्रन्थ, अन्तर्वार्ता र अनुसन्धानमूलक पुस्तकको प्रकाशन तथा मिडिया स्रोत सामग्री केन्द्रको सञ्चालन गर्दै आएको छ । जर्नलको प्रकाशनले लेखक वा अनुसन्धानकर्ताको कामलाई सम्पादकीय प्रक्रियाबाट गुजार्दै पाठकसम्म पुऱ्याउन मद्दत गर्दछ ।

मिडियासम्बन्धी प्राज्ञिक अनुसन्धानलाई सघाउन सकिन्छ भन्ने विश्वासमा हामीले *मिडिया अध्ययन*को सुरुआत गरेका थियौँ । कानूनी, राजनीतिक, सामाजिक, आर्थिक र सांस्कृतिक धरातलमा विभिन्न दृष्टिकोणबाट नेपाली मिडियाको विश्लेषण गरिएका र व्यावहारिक-आनुभविक आधारमा लेखिएका लेखहरू यो जर्नलमा छाप्ने हाम्रो उद्देश्य हो । नेपाली सन्दर्भमा लेखिएका अनुसन्धानमूलक लेख, टिप्पणी, संस्मरण, प्रतिवेदन, अन्तर्वार्ता आदि सामग्रीका कारण नेपाली मिडियामा चासो राख्नेका लागि *मिडिया अध्ययन* राम्रै खुराक बनेको छ भन्ने हामीलाई लागेको छ । साथै नेपाली मिडियाबारे अनुसन्धान गर्ने चाहना भएका र त्यसका लागि आवश्यक फिडब्याक दिने प्रक्रिया सहितको प्राज्ञिक संरचना खोजिरहेका नयाँ पुस्ताका लगनशील अनुसन्धानकर्मीका लागि पनि *मिडिया अध्ययन*ले सहयोग गरेको छ । आफूले अनुसन्धान गरिरहेको वा गर्न चाहेको विषय जानकारी गराउँदै आवश्यक फिडब्याकको आशा राखेर लेख प्रकाशनका लागि अनुरोध गर्न आउने नयाँ पुस्ताका अनुसन्धानकर्मीको बढ्दो सङ्ख्याले यसको पुष्टि गर्दछ । विश्वविद्यालयमा अध्ययनको क्रममा मिडियासम्बन्धी शोधपत्र तयार गरेका वा स्वतन्त्र रूपले अनुसन्धान गर्दै गरेका कतिपयलाई हामीले जर्नलका लागि लेख्न घच्घच्याउने गरेका पनि छौँ । यद्यपि यस्ता सबै प्रयासहरू सफल हुन सकेका छैनन्, थोरैले भने आफ्नो अनुसन्धानलाई टुङ्गोमा पुऱ्याई प्रकाशन योग्य सामग्री निकालेका छन् ।

समाजमा प्राज्ञिक अभ्यासको अपरिपक्व अवस्था, अपर्याप्त पाठक तथा फिडब्याक, ज्यादै साँघुरो बजार, सीमित लेखक वा अनुसन्धानकर्मीमाथिको निर्भरता जस्ता धेरै सीमा र बाध्यताले गर्दा जर्नल प्रकाशनको काम चुनौतीपूर्ण महसुस भएको छ । पहिलो र दोस्रो अङ्क प्रकाशनपछि प्राज्ञिक जर्नलमा संस्मरण, टिप्पणी जस्ता सामग्रीलाई किन स्थान दिएको भन्ने जिज्ञासा केही पाठकबाट प्राप्त भएको छ । गहन विश्लेषण सहितका प्राज्ञिक लेखहरू पर्याप्त मात्रामा प्राप्त हुँदा हुन् त अरू सामग्री नराखी पनि जर्नल प्रकाशन गर्न सकिँदो हो । हाललाई त्यस्तो अवस्था छैन । फेरि, सम्बन्धित क्षेत्रका विज्ञ वा पत्रकारिताको लामो अभ्यास गरेका व्यक्तिहरूका टिप्पणी, संस्मरण र अन्तर्वार्तालाई जर्नलमा प्रकाशन गर्दा यी सामग्रीले पनि प्राज्ञिक बहस र अनुसन्धानलाई सहयोग पुऱ्याइरहेका हुन्छन् भन्ने हामीलाई लाग्छ ।

नेपाली मिडियाको प्राज्ञिक अनुसन्धानलाई अगाडि बढाउन एकाध प्रयास मात्र पर्याप्त हुँदैनन् । यसका लागि *मिडिया अध्ययन* जस्ता प्रयासहरू अन्यत्रबाट पनि आउनु पर्दछ । समयक्रमसँगै यस्ता प्रयास भइरहेका पनि छन् । *मिडिया*

*अध्ययन*को प्रकाशन थाल्नुअघि सन् २००५ मा *मिडिया मनिटर* नामक त्रैमासिक जर्नल सुरु गरिएको थियो । केही सम्पादकीय कमीकमजोरीका बावजुद यो प्रयास सह्राहनीय थियो । तर यसको दोस्रो अङ्क हालसम्म देख्न नपाइनु दुःखद कुरा हो । *मिडिया अध्ययन*को यो तेस्रो अङ्क बजारमा आउनुअघि प्रेस काउन्सिल नेपालको त्रैमासिक प्रकाशन *संहिता*को प्रथम अङ्क देखा परेको छ । यो प्रकाशन पनि नेपाली मिडियाको प्राज्ञिक बहसलाई अगाडि बढाउने, यस क्षेत्रका कमीकमजोरी केलाउने उद्देश्य लिएर नै प्रकाशित भएको छ र यो खुशीको कुरो हो । तर यसअघि यस्तो पहल कतैबाट पनि हुन नसकेकोले आफूले नै सुरु गरेको भन्ने आशयसहित *संहिता*को प्रकाशकीयमा उल्लिखित भनाइले *मिडिया मनिटर* तथा *मिडिया अध्ययन* जस्ता प्रयासहरू ओझेलमा परेका छन् । यस्ता प्राज्ञिक प्रयासहरू जसले जहाँबाट सुरु गरेको वा अगाडि बढाइरहेको भए पनि तिनको अस्तित्व स्वीकार गर्नु प्राज्ञिक संस्कारभित्र पर्ने कुरा हो । हामीले नेपाली समाजमा बनाउन चाहेको स्वस्थ प्राज्ञिक संस्कारोन्मुख प्रवृत्ति यही हो र अरूबाट पनि हामी यही अपेक्षा गर्दछौँ ।

अन्तमा, हामीलाई सहयोग पुऱ्याउने पाठक र लेखकलाई धन्यवाद छ । यो अङ्क प्रकाशनको विभिन्न चरणमा सघाउने मार्टिन चौतारीका साथीहरू हर्षमान महर्जन, किशोर प्रधान, प्रभाकर गौतम, बुद्ध श्रेष्ठ, रश्मि डङ्गोल, सङ्गीता पाण्डे, अनिता दुलाल, रमिता महर्जन, उपासना पण्डित र कमलादेवी शर्मालाई पनि धेरै धन्यवाद छ । साथै, जर्नलको प्रकाशनमा आर्थिक सहयोग गर्ने संस्था डेनिस अन्तर्राष्ट्रिय विकास सहयोग (डानिडा) को मानव अधिकार र असल शासन सल्लाह एकाई (DanidaHUGOU) लाई पनि धन्यवाद छ ।




## Chautari Book Series - 40

*Suitably Modern* traces the growth of a new middle class in Kathmandu as urban Nepalis harness the modern cultural resources of mass media and consumer goods to build modern identities and pioneer a new sociocultural space in one of the world's "least developed countries."

Since Nepal's "opening" in the 1950s, a new urban population of bureaucrats, service personnel, small business owners, and others have worked to make a space between Kathmandu's old (and still privileged) elites and its large (and growing) urban poor. Mark Liechty looks at the cultural practices of this new middle class, examining such phenomena as cinema and video viewing, popular music, film magazines, local fashion systems, and advertising. He explores three interactive and mutually constitutive ethnographic terrains: a burgeoning local consumer culture, a growing mass-mediated popular imagination, and a recently emerging youth culture. He shows how an array of local cultural narratives—stories of honor, value, prestige, and piety—flow in and around global narratives of "progress," modernity, and consumer fulfillment. Urban Nepalis simultaneously adopt and critique these narrative strands, braiding them into local middle-class cultural life.

Building on both Marxian and Weberian understanding of class, this study moves beyond them to describe the lived experience of "middle classness"—how class is actually produced and reproduced in everyday practice. It considers how people speak and act themselves into cultural existence, carving out real and conceptual spaces in which to produce class culture.